### ख) विभिन्न तहमा सरसफाइ सम्वन्धी मानविय श्रोतको क्षमता अभिवृद्धि गर्ने उपायहरु

- केन्द्रदेखि गा.वि.स. सम्मको सरसफाई सम्वन्धि मानवीय स्रोतको विकासका लागि चाहिने तालिमको स्टाण्डर्ड पाठ्यक्रम तथा सामाग्री विकास गर्ने ।
- केन्द्रीय, क्षेत्रीय, जिल्ला तहले खुल्ला दिसा मुक्त अभियान संचालन गर्न सरसफाई सम्वन्धि मानवीय स्रोतको विकास तथा परिचालन गर्ने ।
- गाविस तथा नगरपालिका स्तरमा सरसफाइ उत्प्रेरक वा प्रज्वलकहरुको (Triggers) विकास तथा परिचालनका लागि स्थानीय निकायहरुबाट उचित वजेट विनियोजन गर्ने ।

### ग) खुल्ला दिसा मुक्त अभियान शसक्त गर्ने उपायहरु

- नेपाल सरकारले खुल्ला दिसा गर्ने प्रथालाई सार्वजनिक रुपमा प्रतिवन्ध घोषणा गर्ने ।
- नेपाल सरकारले घरेलु चर्पी निमार्ण गर्न अनुदान प्रथालाई अन्त गरेको सार्वजनिक घोषणा गर्ने ।
- ५०% भन्दा कम सरसफाईमा पहुँच भएका जिल्लाहरुलाई घनिभुत खुल्ला दिसा मुक्त अभियान संचालन गर्न केन्द्रीय वजेट विनियोजन गर्ने ।
- सम्वन्धित मन्त्रालयहरुले सरसफाईमा प्राथमिकतामा परेका जिल्लाहरुको खुल्ला दिसा मुक्त अभियानका लागि बार्षिक वजेट विनियोजन गर्ने ।
- संघीय मामला तथा स्थानीय विकास मन्त्रालयले खुल्ला दिसा मुक्त घोषणा गर्ने जिल्लाहरुको जि.वि.स.लाई घोषणा गरिने आर्थिक वर्षका लागि वजेट विनियोजन गर्ने ।
- सरसफाई गुरुयोजना तथा यसको कार्यान्वयन निर्देशिका सवै जिल्ला, गा.वि.स. तथा न.पा.हरुमा गोष्ठी, पोष्टर पम्प्लेट तथा अन्य संचार माध्यमहरुबाट ब्यापक रुपमा प्रचारप्रसार गर्ने ।
- सवै गा.वि.स, न.पा., तथा जिल्लाहरुले खुल्ला दिसा मुक्त घोषणा पश्चातका कार्यक्रमका लागि नियमित रुपमा वजेट विनियोजन गर्ने ।
- प्रत्येक जिल्ला खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिले अति विपन्न दलित तथा अन्य लक्षित जनजातिका लागि विशेष सरसफाई कार्यक्रम वनाई लागु गर्ने ।
- प्रत्येक नगरपालिकाले यदि सुकुम्वासी क्षेत्र भए सो क्षेत्रका लागि विशेष सरसफाई कार्यक्रम लागू गर्ने ।
- सवै सरोकारवालाहरुको सरसफाई कार्यक्रमहरुमा पुरस्कार तथा सम्मान कार्यक्रम अन्तर्निहित गर्ने ।
- राष्ट्रिय सरसफाई वजारीकरण नीति वनाई सरसफाई क्षेत्रमा निजी क्षेत्रको सहभागिता वढाउने ।
- विशेषगरी तराई, बाढि क्षेत्र तथा अति विपन्न परिवारकालागि लक्षित गरी चर्पीको प्राविधिक डिजाइन तथा लागत तयार गरी प्रचारप्रसार गर्ने ।
- सडक विभागले तराईको राजमार्गको हकमा प्रत्येक ५० कि.मी. तथा पहाडको राजमार्गको हकमा प्रत्येक २५ कि.मी. मा समुदाय वा निजी क्षेत्रको साझेदारीमा सार्वजानिक चर्पीको ब्यवस्था गर्ने ।
- राजमार्गमा अवस्थित प्रत्येक पेट्रोल पम्पमा सर्वजनिक चर्पी वनाउन निर्देशन दिने ।
- जिल्लालाई खुल्ला दिसा मुक्त घोषणा गर्न कम्तीमा हाटबजार लाग्ने ठाउँ तथा वसपार्कमा सार्वजनिक चर्पीको अनिवार्य ब्यवस्था हुनुपर्ने ।

### घ) विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता कार्यक्रम अभिबृद्धि गर्ने उपायहरु

- नेपाल सरकारले "चर्पी सहितको विद्यालय" अभियान शुरु गर्ने ।
- शिक्षा मन्त्रालयले विद्यालय चर्पी निमार्णका लागि एकमुस्ट रकमको सट्टामा वास्तविक लागतको आधारमा वजेट छुट्याउनु पर्नेछ । उक्त रकम मध्ये सम्वन्धित समुदायले २०% रकम सहलगानी गर्नुपर्ने ।
- शिक्षा मन्त्रालयबाट छात्राका लागि चर्पी कार्यक्रमलाई निरन्तरता दिदै महिनेबारी ब्यवस्थापन, साबुन पानीले हात धुने सुविधा तथा खानेपानीको ब्यवस्था समेत गर्नु पर्ने ।
- शिक्षा विभागले विद्यालय सुधार योजना निर्देशिकामा सरसफाई समेत समावेश गरि परिमार्जन गर्ने ।
- शिक्षा विभागले विद्यालय श्रोतब्यक्ति तथा निरीक्षकहरुको अनुगमन तालिकामा सरसफाई समेत समावेश गर्ने ।
- विद्यमान तथा भविष्यमा वनिने सवै विद्यालय चर्पीहरुमा पानी, महिनेवारी व्यवस्थापन, साबुन पानीले हातधुने ब्यवस्था अनिवार्य गर्ने ।
- विद्यालय सरसफाई कार्यक्रम लागू भएका विद्यालयहरुमा मौलिक तथा सृजनात्मक नमुना अवधारणमा कार्यक्रम लागू गर्ने अभिप्रेरणा गर्ने ।


**नेपाल सरकार**
**राष्ट्रिय योजना आयोग**
**सिंह दरबार, काठमाडौं, नेपाल, फोन: ९७७-१-४२११६२९**
**इमेल: npcs@npcnepal.gov.np**
**वेब: www.npc.gov.np**

**संयुक्त राष्ट्र संघ**
**संयुक्त राष्ट्र संघ भवन**
**पोष्ट अफिस बक्स् १०७**
**पुल्चोक, काठमाडौं, नेपाल, फोन: ९७७-१-५५२३२००**
**इमेल: registry.np@undp.org**
**वेब: www.un.org.np, www.undp.org.np**


नेपाल

सहस्राव्दी विकास लक्ष्य द्रुत ढांचा
*(MDGs Acceleration Framework)*

# नेपालमा सरसफाई पहुंचमा तीव्र सुधार योजना
*(Improving Access to Sanitation)*



## पृष्ठभूमि

नेपालमा विगत ११ वर्षमा चर्पीको पहुँच ३०% बाट बढेर ६२% पुगेको छ । यस तथ्याङ्कबाट वार्षिक सरदर चर्पी वृद्धि दर करिव ३% रहेको छ । नेपाल सरकारले सन् २०१५ सम्म ८०% र सन् २०१७ सम्म शत प्रतिशत घर परिवारमा चर्पीको पहुँच पुऱ्याउने लक्ष्य लिएको छ । तसर्थ सन् २०१७ सम्म राष्ट्रिय लक्ष्य प्राप्त गर्न चर्पी निमार्णको वृद्धिदर ३% बाट बढाएर दोव्वर अर्थात ६% पुऱ्याउन आवश्यक छ ।

सरसफाई सम्वन्धि राष्ट्रिय उपलब्धी उत्साहजनक रहेता पनि क्षेत्रगत हिसावले ग्रामीण क्षेत्र, तराई क्षेत्र र सुदुर पश्चिमाञ्चल विकास क्षेत्रका साथै दलित एवं विपन्न परिवारमा चर्पीको पहुँच ज्यादै न्यून रहेको छ । ग्रामीण क्षेत्रमा ५५% घर परिवारमा चर्पीको पहुँच रहेको छ भने, तराईका २० जिल्लाहरुमध्ये १६ जिल्लाहरुमा र सुदुर पश्चिमाञ्चाल विकास क्षेत्रमा चर्पीको पहुँच सरदर राष्ट्रिय पहुँच भन्दा न्यून रहेको छ । एक तथ्यांक अनुसार विपन्न परिवार मध्ये करीव ४% को घरमामात्र चर्पी छ भने मधेसी दलित परिवार तर्फ करीव ५% घरमामात्र चर्पीमा पहुँच छ । त्यसै गरी देशका विभिन्न २५ जिल्लाहरुमा ५०% भन्दा कम परिवारमा चर्पीको पहुँच छ ।

यी माथिका वास्तविकताहरुलाई मध्यनजर राखी राष्ट्रिय योजना आयोगले सरसफाईलाई एउटा चुनौतीको रुपमा लिई सवै जिल्ला, विकास क्षेत्र, जनजाति, ग्रामीण भेग तथा सवै आर्थिक स्तरका परिवारले सरसफाई सम्वन्धी सहस्राव्दी विकास लक्ष्य तथा राष्ट्रिय लक्ष्य हासिल गर्न विद्यमान सरसफाईका अभियान र पहलहरुलाई तीव्रता दिन विशेष विश्लेषण सहित कार्ययोजना तयार पारेकोछ । उक्त विश्लेषण र कार्ययोजना संयुक्त राष्ट्र संघले विश्वव्यापी रुपमा सहश्राब्दी विकासका लक्ष्यहरु तीव्रताका साथ हासिल गर्न विकसित गरेको सहश्राब्दी विकासका लक्ष्य दुत ढांचा (MDG Acceleration Framework, MAF) विधि अपनाएर राष्ट्रिय योजना आयोग र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (United Nations Development Programme, UNDP) नेपालको संयूक्त प्रयासमा सरसफाई सम्वन्धी विभिन्न सरोकारवालाहरुको ब्यापक सहभागीतामा सरसफाई सम्वन्धि कार्ययोजना तयार गरिएकोछ ।

## सरसफाइ सम्वन्धि प्रमुख अभियान तथा पहलहरू

नेपालमा सरसफाइ सम्वन्धि सवै सरोकारवालाहरुको छलफलद्धारा विद्यमान विभिन्न अभियान तथा पहलहरु मध्ये निम्न चार अभियान तथा पहलहरु अति महत्वपूर्ण रहेको र तीनलाई तीव्रता दिन सकिएमा नेपालले सरसफाइ क्षेत्रमा छलाङ्ग मारी राष्ट्रिय लक्ष्य प्राप्त गर्न सकिने विश्लेषण गरिएको छ ।

क) खानेपानी सरसफाइ र स्वच्छता समन्वय समितिहरुको कृयाशिलता
ख) विभिन्न तहमा सरसफाइ सम्वन्धी मानविय श्रोतको क्षमता अभिवृद्धि
ग) खुल्ला दिशा मुक्त अभियान
घ) विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता कार्यक्रम

## सरसफाई विकासमा अवरोध विश्लेषण

विद्यमान सरसफाई अभियान र पहलहरुमा अवरोधहरु पहिचान गर्न राष्ट्रिय स्तर तथा विभिन्न जिल्ला, गा.वि.स., विद्यालय र समुदायस्तरमा सरसफाई अवरोध विश्लेषण गोष्ठी तथा छलफल हुंदा माथिका चार प्रमुख अभियान तथा पहलहरु संचालित हुँदा वा तीनलाई तीव्रता दिन निम्न अवरोधहरु प्रमुख रुपमा रहेको निष्कर्ष निकालिएकोछ ।

### क. नीति/संस्थागत तथा समन्वय सम्वन्धि अवरोधहरु

- अपेक्षीत रुपमा विभिन्न स्तरमा संस्थागत समन्वयमा कमी ।
- चर्पी निर्माणका लागि अझै पनि कतिपय संस्थाहरुमा अनुदान र सहयोग नीतिमा निरन्तरता र विविधता रहेको ।
- विभिन्न तहको खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिहरुमा अपर्याप्त मानवीय र आर्थिक स्रोतको कमि ।

### ख. वित्त र आर्थिक सम्वन्धि अवरोधहरु

- स्थानीय निकायहरुबाट सरसफाईमा वजेट विनियोजन गर्न निर्देशिकामा अस्पस्टता ।
- धेरै जिल्लाहरुमा खुल्ला दिसा मुक्त अभियान संचालन गर्न आन्तरिक स्रोतको कमि ।
- विद्यालयहरुमा चर्पी निर्माणका लागि समुदायले लगानी गर्न असमर्थ ।

### ग. सेवा विस्तार संवन्धी अवरोधहरु

- सरसफाई गुरुयोजनावारेमा सवै क्षेत्र जिल्ला, गा.वि.स. तथा नगरपालिका स्तरमा प्रचार प्रसारमा कमी ।
- सरसफाई अभियानका लागि विभिन्न स्तरमा मानवीय स्रोतहरुको कमी ।

### घ. सेवा प्रयोग सम्वन्धी अवरोधहरु

- कतिपय समुदायहरुमा चर्पी निमार्णका लागि आवश्यक पर्ने चर्पीका सामग्रीहरु सुलभ र सुपथ मूल्यमा उपलब्ध नहुने ।
- समुदायमा स्थानीय सान्धर्भिकता तथा कम लागत पर्ने चर्पी बारे पूरा जानकारी उपलब्ध नहुने गरेको ।
- विद्यालयहरुमा वालमैत्री, लैङ्गीक मैत्री तथा अपाङ मैत्री चर्पीको ब्यवस्था नभएको ।

## अवरोध समाधानका उपायहरू

यी माथिका प्राथमिकरणमा परेका अवरोधहरुको गाँठो फुकाई सरसफाई सम्वन्धि चार प्रमुख अभियान तथा पहलहरुलाई तीव्रता दिन MAF निर्देशक समिति, प्राविधिक समिति, राष्ट्रिय सरसफाई समन्वय समिति तथा विभिन्न सरोकारवालाहरुको ब्यापक छलफलद्धारा छनौट भएका उपायहरु मध्ये निम्न उपायहरु प्रमुख रहेकाछन् ।

### क) खानेपानी सरसफाइ र स्वच्छता समन्वय समितिहरुको कृयाशिलता अभिबृद्धि गर्ने उपायहरु

- सरसफाई क्षेत्रलाई उचाई प्रदान गर्न उच्च स्तरीय सरसफाई सल्लाहकार परिषद गठन गर्ने ।
- प्रत्येक जिल्ला, गा.वि.स तथा नगरपालिका स्तरीय समन्वय समितिले रणनितिक कार्ययोजना वनाई सरसफाई कार्यक्रम लागू गर्ने ।
- हरेक तहको खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरुको कार्यलाई चुस्तता दिन एक जना अधिकृत निर्दिष्ट गर्ने ।
- हरेक तहको खानेपानी, सरसफाई तथा स्वच्छता समन्यव समिति अन्तर्गत कम्तिमा ३३% महिला सदस्य सुनिश्चित गरी सरसफाई कार्यदल गठन गर्ने ।
- केन्द्रदेखि गा.वि.स. तथा नगरपालिका स्तरीय समन्वय समितिले एकजना सरसफाई निरीक्षक नियुक्त गरी रणनीतिक कार्ययोजना तथा खुल्ला दिसा मुक्त सूचकको विश्वसनिय आधिकारीक अनुगमन गर्ने ।
- जिल्ला तहमा सवै राजनैतिक पार्टीहरुलाई उनीहरुको घोषणपत्रमा तथा नीतिमा सरसफाई समेत उल्लेख गराउन पैरवी गर्ने ।
- सवै तहका सरसफाई समन्वय समितिहरुले सचिवालय संचालन र कार्यक्रम संचालन गर्न वार्षिक वजेट विनियोजन गर्ने ।
- स्थानीय निकायहरुलाई सरसफाईमा वजेट विनियोजन गर्न जिल्ला गरिवी अनुगमन तथा विश्लेषण पद्धति (District Poverty Mapping and Analysis System, DPMAS) तथा कार्य सम्पादन न्यूनतम शर्त (Minimum Conditions for Performance Measurement, MCPM ) परिमार्जन गर्ने ।
- प्रत्येक गा.वि.स., नगरपालिका, जिल्ला तथा केन्द्रीय स्तरमा समेत सरसफाई अभियानका लागि डाले कोष स्थापना गर्ने, वैकल्पिक रुपमा डाले कार्यक्रम तय गर्ने ।
- स्वास्थ्य मन्त्रालयले सवै तहका स्वास्थ्य प्रदायक संस्थाहरुको चिकित्सकको प्रेस्क्रिप्सन कार्डमा “चर्पी प्रयोग गरौं” र “सावुन पानीले हात धोऔं” लेख्ने भनि परिपत्र गर्ने ।